नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

## सवारी साधन (बस/ट्रक) भाडामा लिने बारेको बोलपत्र आह्वानको सुचना

**बोलपत्र आव्हानको सुचना नं : बोलपत्र/मु.व्य.वि./अ.से./१-०७७/०७८**
**प्रथम पटक सूचना प्रकाशन मिति :२०७७/०६/१८**

१. नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको कार्यक्षेत्र अन्तर्गतका नोटकोष रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरुमा तथा प्रदेशस्थित नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा गरिने तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको समयमा बस/ट्रक भाडामा लिनुपर्ने भएकोले सवारी साधन भाडामा दिन इच्छुक सम्बन्धित निकायमा दर्ता भएका बस/ट्रक व्यवसायी फर्म/कम्पनीहरुबाट सेवा आपुर्ति गर्न बोलपत्र आव्हान गरिएको छ ।

२. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताले लिखित आवेदन सहित नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा रु.३,०००।- (अक्षरेपी तीन हजार मात्र) (फिर्ता नहुने) सण्ड्री क्रेडिटर्स हिसाब (१३०९९०१/०११-०००-५२४) मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी मिति **२०७७/०७/१७ गते** बैंकिङ कारोबार समयभित्र खरिद गर्न सक्नेछन् ।

३. बोलपत्र मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि ९० दिनको हुनेछ ।

४. बोलपत्र पेश गर्दा बोलपत्रका साथ रु. **५०,०००।- (अक्षरेपी पचास हजार मात्र)** बोलपत्र खोलिने मितिदेखि गणना हुने गरी १२० दिन मान्य अवधि रहेको यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट जारी गरेको बैंक जमानत वा यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब नं (१३०९९०१/०११-०००-५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्नेछ ।

५. दाखिला भएका बोलपत्रहरु **२०७७/०७/१८** गते दिनको **२:००** बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बैंकको मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पुर्व निर्धारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पुर्व निर्धारित मितिदेखि नै गरिनेछ ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७. बोलपत्रमा आइटमवाइज (प्रत्येक रुटका लागि) दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

८. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१०. सवारी साधन भाडामा लिने करार अवधि भित्र कुनै किसिमको मुल्य वृद्धि गर्न पाइने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा सुरक्षित रहनेछ ।

१२. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (चौथो संसोधन समेत) बमोजिम हुनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्न परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग, बालुवाटारको आन्तरिक प्रशासन फाँट (फोन नं. ०१-४४१०१५८, ४४१०२०१, ४४११२५० को एक्सटेन्सन १५७/१६४) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । साथै, यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

***